# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, भदौ २० गते २०३४ साल [ संख्या २१

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

आयकर ऐन, २०३१ को दफा ४९ को उप–दफा (५) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उद्योग, व्यापार, पेशा तथा व्यवसायको आय हुने करदाताले राख्नु पर्ने लेखाको तरीका तथा भाषा देहायबमोजिम तोकेको छ।

कुनै फर्म, कम्पनी वा संस्थालाई प्रचलित नेपाल कानूनबमोजिम तोकिएको कुनै ढाँचा वा तरीकामा लेखा राख्न अनिवार्यता भएकोमा त्यसैबमोजिम तथा त्यस्तो अनिवार्यता निश्चित नगरिएको करदाताहरूको हकमा आफूले राख्न सक्ने वा राखी आएको तरीकाबमोजिम कै लेखा तोकिएको छ।

तर उपरोक्त लेखामा देहायका कुराहरू वा लेखाको साथको सहायक लेखोट कागजातहरूको आधार रहेको वा सोबाट देहायको कुराहरू उद्धृत तथा पुष्टि गर्न सक्ने हुनु पर्नेछ।

(क) आय र व्ययको फरक देखिने गरी तयार गरिने आय व्यय हिसाब,

(ख) सम्पत्ति र दायित्वको विवरण,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२५

(ग) दैनिक स्टक किताब (Daily Stock Book) वा सो राख्न असमर्थ हुनेको हकमा कमसेकम वर्षको एक पल्ट भौतिक जाँच (Physical Inventory) गरी त्यस्तो जाँच (Inventory) को आधारमा तयार गरेको शुरू तथा आखिरी मौज्दातको विवरण,

(घ) खरीद, बिक्री तथा आय, व्यय आदि पुष्टि गर्ने बिल भौचर भरपाई वा यस्तै अन्य कागजात ।

२. भाषाको हकमा अंग्रेजी तथा नेपालीमध्ये कुनै एउटा भाषामा राखेको हुनुपर्दछ ।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले विदेशी विनिमय ( नियमित गर्ने ) ऐन, २०१९ को दफा १८ र दफा २० को प्रयोजनको निमित्त सम्बन्धित जिल्लाका प्रहरी नायब उपरीक्षक, प्रहरी निरीक्षक र प्रहरी नायब निरीक्षकहरूलाई अधिकार प्राप्त अधिकारी तोकिदिएको छ ।

खण्ड १६ मिति ०२३।७।१५ संख्या २६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशि[त] यससम्बन्धी यस मन्त्रालयको सूचनालाई खारेज गरिएको छ ।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९६०